# पाठ ६ आमा-बाबुको कर्तव्य

जसरी सुन्दर फूलको बगैंचा "त्यसै बन्दैन" त्यसै गरी अनुशासित र आज्ञाकारी छोराछोरीहरू पनि "त्यसै बन्दैनन्।" दुवैको निम्ति मेहनत गर्न आवश्यक छ। बगैंचामा खेती गर्नका लागि बगैंचे (माली) नै जिम्मेवार हुन्छ। आफ्ना छोराछोरीहरूलाई सिकाउन, अनुशासन गर्न, र प्रेम गर्नका लागि आमा-बाबुहरू नै जिम्मेवारी मानिन्छन्।

आमा-बाबुको परमेश्वरसँग ठीक सम्बन्ध छ र उनीहरूले असल उदाहरण देखाएका छन् भने, आफ्ना छोराछोरीमाथि अधिकार स्थापित र कायम राख्न उनीहरूलाई अति नै सजिलो हुन्छ। "हाम्रो परिवारमा मात्र भलाइको आवश्यकता छ" भनी गनगन गर्ने ६ वर्ष उमेर भएकोले अनुशासनलाई मन पराएको थिएन होला, तर आज्ञाकारिता ऐच्छिक होइन भन्ने कुरा उसलाई थाहा थियो, योचाहिँ आवश्यक नै थियो।

आमा-बाबुले विभिन्न क्षेत्रहरूमा आफ्ना छोराछोरीलाई तालीम दिनुपर्ने जिम्मेवारीको बारेमा हामी अझै यस पाठमा



छलफल गर्नेछौं। अनावश्यक हृदयका चोटहरूलाई सहनुपर्ने विभिन्न परिवारका समस्याहरूलाई पनि हामी विचार गर्नेछौं, यस्तो हुनुको कारणचाहिँ आमा-बाबु आफ्ना छोराछोरीप्रतिको जिम्मेवारी पूरा गर्नलाई असफल हुनु नै हो।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

आफ्ना छोराछोरीलाई प्रेम गर्नु
तिनीहरूका शारीरिक आवश्यकताहरूलाई पूरा गर्नु
आफ्ना छोराछोरीलाई शिक्षा दिनु
तिनीहरूका आत्मिक आवश्यकताहरूलाई पूरा गर्नु

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- *घरलाई शैतानको आक्रमणबाट सुरक्षित राख्न सकिन्छ* भन्ने बाइबल आधारित प्रमाणलाई परिचित गर्न

- आफ्ना छोराछोरी आफ्नो हेरचाहाको अधीनमा हुँदा आमा-बाबुले तिनीहरूको पालनपोषण गर्नुपर्छ भन्ने कारणहरूलाई उल्लेख गर्न।
- आमा-बाबुको प्रेमले तिनीहरूका छोराछोरी र तिनीहरू आफैलाई पनि कसरी प्रभाव पार्छ सो बताउन।

## आफ्ना छोराछोरीलाई प्रेम गर्नु

परमेश्वरले पति र पत्नीलाई दिनुभएका छोराछोरीहरू पवित्र नासो हुन् र हलुको किसिमले तिनीहरूसँग व्यवहार गरिनुहुँदैन। परमेश्वरले आफ्ना छोराछोरीलाई प्रेम र वास्ता गर्नुहुन्छ, र आमा-बाबुले पनि उहाँको नमूना र उदाहरण पछ्याएको उहाँ चाहनुहुन्छ।

बालक नजन्मदै त्यसप्रति भएको आमा-बाबुको प्रवृत्तिमा नै सबैभन्दा पहिले तिनीहरूको प्रेम देखिएको हुनुपर्छ। तिनीहरू आनन्दित भएर आफ्नो बालकको जन्मको प्रतिज्ञा गर्नुपर्छ, र छोरा वा छोरी जे भए तापनि, त्यसलाई प्रभुबाटकै आशिष्को रूपमा स्वीकार गर्नुपर्छ। "छोराहरू परमप्रभुले दिनुभएको उत्तराधिकार हुन्, छोरीहरू उहाँका इनाम हुन्" (भजन १२७:३)।

ठीक किसिमले बढ्न र विकास हुनका लागि बाल-बालिकाहरूलाई प्रेमको खाँचो पर्छ, र तिनीहरूलाई काखमा लिएर, तिनीहरूसँग खेलेर र तिनीहरूको हेरचाहा गरेर आमा-बाबुले तिनीहरूका लागि असल शुरूवात गरिदिन सक्छन्। आफ्ना छोराछोरीलाई प्रेम गर्ने आमा-बाबुले तिनीहरूलाई हेरचाहा गर्ने जिम्मेवारीलाई खुशीसाथ स्वीकार गर्छन्। तिनीहरूले आफ्ना छोराछोरीका निम्ति घरमा भोजन, लुगाफाटा, वास तालीम, शिक्षा र आत्मिक अगुवाइ जुटाउनुपर्छ। आफ्ना छोराछोरीको खाँचो पूरा गर्नका लागि आमा-बाबुले आफ्ना

आराम र चाहनाहरूलाई त्याग्नु असामान्य कुरा होइन। आफ्ना छोराछोरीका निम्ति धैर्य र समझदारी विकास गर्नका लागि प्रेमले आमा-बाबुलाई सहायता पुर्‍याउँछ र यसरी स्वर्गीक पिताको प्रेम र धैर्यप्रति आमा-बाबुहरू पनि कृतज्ञ हुन सक्छन्। प्रेमले आमा-बाबुलाई स्वर्गीक पिताजस्तै बनाउँछ। "यसकारण तिमीहरू प्रिय बालकहरूझैं परमेश्वरको देखासिकी गर्नेहरू होओ र तिमीहरू प्रेममा चल" (एफिसी ५:१-२)।

आमा-बाबुले विचारै नगरी एउटा बालकलाई भन्दा अर्कोलाई बढ़ी प्रेम देखाउँदा, यसले डाह र अरू समस्याहरूतर्फ डोर्‍याउँछ। उत्पत्ति ३७-मा हामी देख्छौं कि योसेफका दाज्यू-भाइहरूले उनलाई मार्न चाहेका थिए, किनकि तिनीहरूका बाबुले योसेफलाई उनीहरूलाई भन्दा बढ़ी प्रेम गरेका थिए। घरमा भएको नयाँ बालक सबैका निम्ति आनन्दको कुरा हुनपर्छ। बुद्धिमान् आमा-बाबुले आफ्ना छोराछोरीलाई यो कुरा बुझाउने प्रयास गर्नैपर्छ कि तिनीहरूका साना भाइ-बहिनी जन्मदैमा तिनीहरूलाई कम्ती प्रेमचाहिँ गरिँदैन।

### तपाईंको अभ्यासको निम्ति

१ भजनसंग्रह १२७:३ र एफिसी ५:१-२-लाई कण्ठ गर्नुहोस्।

२ आमा-बाबुले आफ्ना छोराछोरीका निम्ति प्रेम प्रकट गर्ने तरीका उल्लेख गर्नुहोस्।

.......................................................................

.......................................................................

३ उत्पत्ति ३७:३-४-बाट आमा-बाबुले कुन महत्त्वपूर्ण पाठ सिक्न सक्छन्? ...............................................

## तिनीहरूका शारीरिक आवश्यकताहरूलाई पूरा गर्नु

### घर

कोही-कोही आमा-बाबुहरूले आफ्ना छोराछोरीहरूलाई बाजे-बज्यै वा अन्य नातेदारहरूकहाँ पठाउने गर्छन्। तर आफ्ना छोराछोरीलाई असल घरको बन्दोबस्त मिलाउने जिम्मेवारीचाहिँ आमा-बाबुकै हो, र परमेश्वरको सहायताले यसो गर्न आमा-बाबुहरू सक्षम हुन्छन्। घर साधारण नै हुन सक्छ, तर यो सफा, शान्त र प्रेमले भरिएको हुनुपर्छ। नातेदारहरूले बालकको भौतिक खाँचोहरूलाई पूरा गर्न सक्छन् होला, तर ख्रीष्टियान आमा-बाबुले दिएजस्तो प्रेम र शिक्षाचाहिँ अरू कसैले दिन सक्दैन।

कहिलेकहीँ छोराछोरीहरू घर छोड़ेर बोर्डिङ्ग स्कूलमा पढ्न जान आवश्यक पर्छ, तर तिनीहरूलाई लामो समयसम्म आमा-बाबुबाट अलग राखिनुहुँदैन। छोराछोरीलाई आमा-बाबुको आवश्यकता पर्छ र तिनीहरूको प्रेम र वास्ताको आनन्द लिन तिनीहरू आफ्ना घरमा रहनुपर्छ।

**तपाईंको अभ्यासको निम्ति**

**४** छोराछोरीहरू आफ्ना आमा-बाबुबाट लामो समयसम्म किन अलग रहनुहुँदैन। ............................................

### लुगाफाटा र भोजन

असल आमा-बाबुले आफ्ना छोराछोरीलाई आवश्यक लुगाफाटा जुटाउने र सन्तुलित भोजन दिने कोशिश गर्छन्।

आमाले तिनीहरूलाई सफा-सुग्घर र आरामदायी बनाउने कोशिश गर्छिन्।

आफ्ना छोराछोरीका लागि ठीक किसिमको खाना तयारी पार्नु आमाको महत्त्वपूर्ण कार्य हो। तिनीहरूलाई दूध, ताजा फलफूल, सागसब्जी र सिमी, मासु, माछा र अण्डाजस्ता तागतिला खानेकुरा चाहिन्छ। ताजा फलफूल र सागसब्जीविना धेरै भात र रोटी मात्र दिइयो भने त्यो तिनीहरूका लागि स्वास्थ्यकर हुँदैन।

**तपाईंको अभ्यासको निम्ति**

**५** केटाकेटीहरूलाई कस्तो किसिमको खानेकुरा चाहिन्छ?

..................................................................

..................................................................

## आफ्ना छोराछोरीलाई शिक्षा दिनु

### स्कूलमा पढ़ाउनु

आफ्ना छोराछोरीका निम्ति उचित तालीम र शिक्षा जुटाउने जिम्मेवारी आमा-बाबुकै हो, र यसरी आफ्नो जीविका चलाउनका लागि एक दिन तिनीहरू सक्षम हुन्छन्। अलि-अलि पढ़ेका र तालीम प्राप्त नगरेका व्यक्तिहरूले यी दिनहरूमा काम पाउनु अति नै कठिन छ।



**तपाईंको अभ्यासको निम्ति**

६ आमा-बाबुले आफ्ना छोराछोरीलाई स्कूलमा पठाउनु किन महत्त्वपूर्ण छ? ..........................................................
..........................................................................
..........................................................................

## घरमा तालीम

स्कूलहरू र एकलेसिया (चर्च)-हरूले केटाकेटीहरूलाई तालीम दिने काममा ठूलो योगदान दिएका भए तापनि, घरमा आफ्ना आमा-बाबुबाट छोराछोरीहरूले पाउनेजस्तो महत्त्वपूर्ण तालीम अरू हुँदैन। बालक जन्मिने बित्तिकै यो शिक्षा र तालीम शुरू हुन्छ, र ६ वर्षको उमेरमा प्रायःजसो केटाकेटीहरूले आफ्ना बानीहरूलाई निर्माण गरिसकेका हुन्छन् र तिनीहरूका पूरै जीवनमा त्यसको असर हुन्छ। "बालकलाई ऊ हिँड्नुपर्ने बाटोमा तालीम देऊ, र वृद्धावस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन" (हितोपदेश २२:६)।

छोराछोरीहरूलाई आ-आफ्ना शरीरको हेरचाहा गर्नको लागि सिकाउन आमा-बाबुहरू जिम्मेवार हुन्छन्। असल बानीबेहोरा निर्माण गर्ने सम्बन्धमा केटाकेटीहरूले सानै उमेरमा सिक्न सक्छन्ः सफा-सुग्घर हुन, घरीघरी नुहाउन, खाना खानु अगाडि हातहरू धुन, आफ्नो कपाल कोर्न, आफ्ना दाँत माभ्न, र आफ्ना लुगाफाटाहरू सफा राख्न। यी सबै कुराहरूमा आमा-बाबुले आफ्ना उदाहरण र आफ्ना वचनद्वारा सिकाउँछन्।

**तपाईंको अभ्यासको निम्ति**

७ बालकको तालीम कहिले शुरू हुनुपर्छ?

........................................................................................

८ कुन उमेरमा केटाकेटीहरूले आफ्नो जीवन-बानीहरू प्राप्त गरिसकेका हुन्छन्?

........................................................................................

९ हितोपदेश २२ः६ कण्ठ गर्नुहोस्।

## सुधार

कुनै पनि शिक्षाको महत्त्वपूर्ण भागचाहिँ सुधार हो, र जीवन र अनन्तताको निम्ति यसलाई तालीमबाट बाहिर राख्न सकिँदैन। सबै छोराछोरीहरूले कहिलेकहीँ आमा-बाबुको आज्ञा पालन गर्दैनन् र तिनीहरूलाई सच्च्याइनु पर्छ। कहिलेकहीँ आमा-बाबुले बालकलाई ताड्ना दिनुपर्छ र यसरी उसले आफ्नो भूलको गम्भीरतालाई महसूस गर्न सक्छ। आफ्ना आमा-बाबुको आदर र आज्ञापालन गर्न सिक्ने छोराछोरीले देशका नियम-कानुन र परमेश्‍वरका आज्ञाहरूको आदर र आज्ञापालन गर्नलाई कठिन

पर्दैन। "सुधारको छड़ीले बुद्धि प्रदान गर्छ, तर छाड़ा छोड़ेको छोराले, आफ्नी आमाको बेइज्जत गर्छ" (हितोपदेश २९:१५)।

बालकलाई रीसको आत्मामा होइन, तर प्रेमको आत्मामा सुधारिनुपर्छ। उसलाई किन ताड्ना दिइएको हो सो उसलाई थाहा हुनुपर्छ र उसले आज्ञा पालन गर्न सिक्नैपर्छ। तर ठीक तरीकाले अनुशासन गर्नुपर्छ र यसो गर्दा आमा-बाबुले कहिल्यै पनि बालकलाई चोट-पटक लगाउनुहुँदैन।

असल व्यवहार भएका ख्रीष्टियान आमा-बाबुले आफ्ना छोराछोरीलाई दण्ड दिएपछि तिनीहरूसँग प्रार्थना गर्छन्, र आफूले तिनीहरूलाई क्षमा दिएको र अझै तिनीहरूलाई प्रेम गरेको कुरा निश्चित तुल्याउनुपर्छ। आफूले आज्ञा भङ्ग गरेको हुनाले आफू इन्कारिएको अनुभव यदि बालकले गऱ्यो भने, उसलाई भावनात्मक कष्ट हुन सक्छ। तर उसका आमा-बाबुले उसलाई प्रेम गरेकै कारण नै उसलाई सच्च्याएका हुन् भन्ने कुरा यदि उसले बुझ्यो भने, योचाहिँ बालकको निम्ति सहयोगपूर्ण र वृद्धि हुने अनुभव हुन सक्छ। "छड़ी नचलाउने बाबुले आफ्नो छोरालाई घृणा गर्छ, तर त्यसलाई प्रेम गर्ने बाबुले होशियारीसाथ त्यसलाई ताड्ना दिन्छ" (हितोपदेश १३:२४)। परमेश्वर आफैले पनि आफ्ना छोराछोरीहरूलाई सुधार गर्नुहुन्छ भनी बालकले जान्नाले उसलाई सहायता हुन्छः "किनभने जसलाई परमप्रभुले प्रेम गर्नुहुन्छ, उसैलाई नै उहाँले ताड्ना दिनुहुन्छ, जसरी बाबुले आफ्नो प्यारो छोरालाई ताड्ना दिन्छन्" (हितोपदेश ३:१२)।

अधिकारको आदर र आज्ञापालन नसिकाइकन आफ्ना छोराछोरीलाई हुर्काउने आमा-बाबुले, वास्तवमा, विद्रोहलाई उत्साह दिएका हुन्छन्। यस्ता घरबाट आएका केटाकेटीहरूले परमेश्वरको अधिकारसहित सबै अधिकारहरूको विरोध गर्छन् र यस्तो विद्रोहले अपराध, झ्यालखाना र मृत्युसम्मै पनि लैजान्छ।

हामी पुरानो करारमा परमेश्वरका जन एली र दाऊदका बारेमा पढ्छौं जसले आफ्ना छोराहरूलाई तालीम नदिएको र अनुशासन नगरेको कारण तिनीहरूका परिवारमा लाज, अनादर र कष्ट भोग्नुपरेको थियो। यसैले आमा-बाबुले मात्र भक्तिको जीवन जिएर पुग्दैन; तिनीहरूले आफ्ना छोराछोरीलाई परमेश्वरको आज्ञा पालन गर्न सिकाउनैपर्छ।

एली परमेश्वरलाई प्रेम गर्थे, तर उनका छोराहरू दुष्ट थिए र तिनीहरूले परमेश्वरको घरलाई अनादर गरे। एलीले आफ्ना छोराहरूलाई अनुशासन नगरेका सम्बन्धमा १ शमूएल ३:१३-मा परमेश्वरले भन्नुभएको कुरालाई हामी पढ्छौंः

> मैले त्यस (एली)-को परिवारमाथि गरेको इन्साफ सधैंको निम्ति कायम रहनेछ, किनभने परमेश्वरको विरुद्धमा त्यसका छोराहरूले गरेको ईश्वर-निन्दा जानेर पनि त्यसले तिनीहरूलाई हप्काएन।

राजा दाऊदका छोरा, अदोनियाहले आफ्ना बाबुबाट राज्य लिने कोशिश गरे। उनी आफ्नै तरीकाले चल्न चाहन्थे र यसले उनलाई दुःखलाग्दो मृत्युमा पुऱ्यायो। उनी हुर्किंदैगर्दा उनका बाबु दाऊदले उनलाई अनुशासन नगरेकोमा दाऊदलाई नै दोषी ठहऱ्याउनुपर्छ। १ राजा १:६-मा हामी यसबारेमा पढ्छौं, "तिनका पिताले तिनलाई (अदोनियाह) सुधार्नलाई तिनका जीवनकालमा कहिल्यै, 'तैंले किन यस्तो व्यवहार गरिस् भनेर सम्झाएनन्'।"

---

**तपाईंको अभ्यासको निम्ति**

**१०** छोराछोरीहरूलाई अनुशासन गर्ने सम्बन्धमा ठीक प्रवृत्ति प्रकट गर्ने आमा-बाबुद्वारा बनाइएको प्रत्येक ठीक बयानको

अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क** "म मेरा छोराछोरीहरूबाट मेरो अधिकारको निम्ति आदरको माग गर्छु, र तिनीहरूले आज्ञा पालन गरेनन् भने म तिनीहरूलाई प्रेम गर्दिनँ भनी तिनीहरूले जानेको म चाहन्छु।"

**ख** "म मेरी बालिकालाई सुधार गर्दिनँ, किनकि मैले त्यसो गर्दा तिनलाई इन्कार गरेको वा प्रेम नगरेकोजस्तो हुन्छ।"

**ग** "आज्ञा भङ्ग गर्ने मेरो बालकसँग यदि म रिसाएँ र उसलाई दण्ड दिनु पऱ्यो भने प्रेमको आत्मामा यसो गर्न नसकुञ्जेल म उसलाई दण्ड दिँदिनँ।"

**घ** "आमा-बाबुको हैसियतले यदि मैले मेरो बालकलाई अनुशासन र सुधार गरिनँ भने मैले मेरो जिम्मेवारीलाई पूरा नगरेको हुन्छु।"

**११** प्रश्न नं. १०-मा दिइएका हरेक बयानको निम्ति तपाईंले विचार गर्नुभएको प्रवृत्ति कि त ठीक कि बेठीक कस्तो हुन्छ हरेकको कारण आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

**१२** पूजाहारी एली र राजा दाऊद बाबुहरूका हैसियतले कसरी आफ्ना जिम्मेवारीहरूमा असफल भए?

.................................................................

## तिनीहरूका आत्मिक आवश्यकताहरूलाई पूरा गर्नु

### छोराछोरीको अर्पण

परमेश्वरले आफूलाई दिनुभएका छोराछोरीको जीवनलाई बनाउने र अगुवाइ गर्ने पवित्र जिम्मेवारी आमा-बाबुको हो।

जब तिनीहरूले बालकलाई परमेश्वरमा अर्पण गर्न उहाँको घरमा लैजान्छन्, आमा-बाबुले यी जिम्मेवारीलाई स्वीकार गरेका हुन्छन् र तिनीहरू परमेश्वरसँगको विशेष करार वा मञ्जुरीमा प्रवेश गर्छन्। पास्टरले बालकको लागि प्रार्थना गरिदिएर, उसको जीवनभरि परमेश्वरको हेरचाहा र सुरक्षाको लागि उहाँमा अर्पण गर्छन्। आमा-बाबुले बालकलाई परमेश्वरको मार्गमा तालीम दिने प्रतिज्ञा गर्छन् र यसरी समय पुगेपछि बालक भूलहरूबाट फर्की असल गर्ने हुन्छ र येशूलाई आफ्ना मुक्तिदाताका रूपमा उसले ग्रहण गर्छ।

छोराको निम्ति हन्नाको प्रार्थना परमेश्वरले उत्तर दिनुभयो, र शमूएलका आमा-बाबुले उनलाई परमप्रभुको घरमा पूजाहारीकहाँ लैजाँदा उनी साना बालक नै थिए। हन्नाले एलीलाई भनिन्, "अब म यसलाई परमप्रभुकहाँ नै अर्पण गर्दछु, त्यसको जीवनभरि नै त्यो परमप्रभुमा अर्पण गरिएको छ" (१ शमूएल १:२८)। येशूका आमा-बाबुले पनि उहाँलाई परमेश्वरमा अर्पण गरे: "तिनीहरूले उहाँलाई परमप्रभुको सामुन्ने समर्पण गर्न यरूशलेममा ल्याए" (लूकास २:२२)।

---

**तपाईंको अभ्यासको निम्ति**

**१ ३** १ शमूएल २:२६ र लूकास २:५२ पढ्नुहोस्। छोराछोरीलाई परमेश्वरमा अर्पण गर्दा हुने फाइदाका सम्बन्धमा यी पदहरूमा हामी के भेट्टाउँछौं?

..........................................................................

**परमेश्वरको वचनमा तालीम**

आमा-बाबुले आफ्ना छोराछोरीलाई स्वर्गतर्फको बाटो सिकाउँदा, कहिल्यै नसकिने अचम्मको जीवनको निम्ति उनीहरूले

तिनीहरूलाई तयारी पारेका हुन्छन्। आफ्ना आमा-बाबुलाई केले खुशी पार्छ र केले बेखुशी पार्छ भन्ने कुरा छोराछोरीहरूले कलिलै उमेरमा सिक्न सक्छन्। मतियोस १८:६-मा भएको ख्रीष्टको वचनले हामीलाई यस कुराको जानकारी दिन्छ कि बालकले ख्रीष्टमा विश्वास गर्न सक्छः



"तर जसले *ममाथि विश्वास गर्ने* यी सानाहरूमध्ये एक जनालाई पाप गर्न लगाउँछ, बरु त्यसको गलामा ठूलो जाँतोको ढुङ्गा बाँधेर त्यसलाई गहिरो समुद्रमा डुबाइदिनु असल हुन्छ"।

(व्यवस्था ४:९-१०; ३१:१२ पनि हेर्नुहोस्।)

**मण्डली (एकलेसिया)-मा हाजिर हुनु**

परिवारहरू एकैसाथ एकलेसियामा हाजिर हुनु आवश्यक छ। आमा-बाबुको जीवन ढाँचाले तिनीहरूका आफ्नै शिक्षाको विरोध गर्छ भने, त्यस शिक्षाको प्रभावचाहिँ थोरै मात्र हुन्छ। छोराछोरीलाई मात्र चर्चमा पठाउने वा आफ्ना छोराछोरीहरू आफैसँग चर्चमा जानका लागि जोड नदिने आमा-बाबुले वास्तवमा यही भनेका हुन्छन् कि एकलेसियामा हाजिर हुनुचाहिँ त्यत्ति महत्त्वपूर्ण छैन।



येशू सानै हुनुहुँदा उहाँका आमा-बाबुले उहाँलाई परमेश्वरको घरमा लगेका थिए र उहाँ हुर्किंदैजानुहुँदा पनि उहाँलाई निरन्तर रूपमा लगिएको थियो। शमूएलका आमा-बाबु नियमित रूपमा परमेश्वरको घरमा जान्थे। यहोशूले भने, "म र मेरो घरानाले चाहिँ परमप्रभुकै सेवा गर्नेछौं" (यहोशू २४:१५)। पूरै परिवारले परमेश्वरको सेवा गर्दा उहाँ कति धेरै प्रसन्न हुनुहुन्छ होला!

**तपाईंको अभ्यासको निम्ति**

**१४** सबैभन्दा ठीक उत्तरको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।
एकलेसिया (चर्च)-मा हाजिर हुने महत्त्वपूर्णतालाई छोराछोरीहरूले कसरी सिक्छन्?
**क** आफ्ना आमा-बाबुका उदाहरणहरूद्वारा।
**ख** आफ्ना आमा-बाबुका शिक्षाद्वारा।
**ग** (क) र (ख) दुवै।

## घरलाई सुरक्षा गर्नु

हरेक ख्रीष्टियानको घरलाई शैतानले नाश गर्न मन पराए तापनि, मानिसहरूले आफूलाई परमेश्वरको सुरक्षामुनि ल्याएपछि, त्यसो गर्नका लागि त्यो शक्तिहीन हुन्छ। शैतानको आक्रमणबाट

घरलाई सुरक्षा गर्ने सबैभन्दा ठूलो सहयोगचाहिँ हामीले वास्तै नगर्ने कुरा हो, अर्थात् पारिवारिक आराधना।

धेरैवटा ठीक कामहरू गर्ने आमा-बाबुहरूका घरहरू नै धेरै पल्ट छिया-छिया हुन्छ। तिनीहरूले आफ्ना छोराछोरीका शारीरिक खाँचोहरूलाई पूरा गरिदिन्छन्; तिनीहरूले उनीहरूलाई शिक्षा दिन्छन्; तिनीहरूले उनीहरूलाई एकलेसिया (चर्च) घरमा पनि लैजान्छन्। तर आमा-बाबुले आफ्ना छोराछोरीलाई धार्मिक शिक्षाको अगुवाइ दिन सकेनन् भने तिनीहरूको घर विनाशको बाटोतर्फ दौडेको हुन्छ।




आफूलाई गर्मी, जाड़ो र खतराबाट बचाउनलाई काठ, माटो वा इँटको घरको साथसाथै, कठिनाइका समयहरू भएर जानका लागि परिवारलाई प्रेम, विश्वासयोग्यता, क्षमा र प्रार्थनाको आवश्यकता पर्छ। यी आवश्यकताहरूलाई पारिवारिक आराधनामा पूरा गर्न सकिन्छ। पति र पत्नीले आफैलाई परीक्षा र पापबाट सुरक्षित राख्नुपर्छ र आफ्ना छोराछोरीलाई पनि त्यस्तै सुरक्षा दिनुपर्छ। *पति र पत्नीको कर्तव्य* र *छोराछोरीका कर्तव्य* भनी यसभन्दा पहिलेका पाठहरूमा हामीले बृहत् रूपमा छलफल गरिसकेका छौं। तपाईं यसलाई दोहोऱ्याउन सक्नुहुन्छ।

पारिवारिक आराधना कायम राख्नका लागि समय, मेहनत र योजना चाहिन्छ, र यसलाई महत्त्वपूर्ण ठान्ने आमा-बाबुले जस्तोसुकै बलिदान गर्न पनि तयार हुन्छन्। आफ्ना विवाहलाई धम्की दिने डरलाग्दा समस्याहरूलाई दम्पत्तिहरूले प्रार्थना र एकसाथ गरिएको परमेश्वरको खोजीबाट समाधान गरेका छन्। एक समय परमेश्वरको विरोधमा खड़ा भएका जवान व्यक्तिहरूका धेरै गवाही छन्, जो पछि गएर परमेश्वरसँगको मिलापमा फर्केका छन्, किनकि पारिवारिक वेदी र आफ्ना आमा-बाबुको प्रार्थना र अगुवाइबाट तिनीहरू टाढ़ा हुन सकेनन्।

**तपाईंको अभ्यासको निम्ति**

**१५** आत्मिक खतराबाट परिवारलाई सुरक्षा र वचावट गर्न आवश्यकीय चार "पर्खालहरू"-का नाउँ दिनुहोस्।

..................................................................

तपाईंले *विवाह र घर* विषयको आफ्नो अध्ययनलाई सिद्ध्याउनुभएको छ। असल पारिवारिक सम्बन्धहरू स्थापित गर्न र आनन्दित घर विकास गर्नका लागि केही सिद्धान्तहरू पत्ता लगाउन यी पाठहरूले तपाईंलाई सहायता पुऱ्याए होलान् भन्ने कुरामा म आशावादी छु।

अब तपाईं पाठ ६-९-को विद्यार्थी प्रतिवेदनको अन्तिम खण्ड भर्नका लागि तयारी भइसक्नुभएको छ। यी पाठहरूलाई दोहोऱ्याउनुहोस् र तपाईंको विद्यार्थी प्रतिवेदनमा दिइएका निर्देशनहरू पालन गर्नुहोस्। तपाईंको 'उत्तर पृष्ठलाई' आफ्ना निर्देशककहाँ फर्काइपठाउनुहुँदा अर्को पुस्तिकाको बारेमा सोध्नुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

८ छ वर्षको हुँदा।

१ पदलाई राम्रोसँग कण्ठ गरिसकेपछि, अर्को व्यक्तिको अगाड़ि दोहोऱ्याउनुहोस्।

६ हितोपदेश २२:६ कण्ठ गरिसकेपछि अर्को व्यक्तिको अगाड़ि मुखस्थ भन्नुहोस्।

२ धैर्य र समझदारीद्वारा, तिनीहरूका निम्ति हेरचाहा र पालनपोषण, तिनीहरूलाई तालीम, तिनीहरूसँग खेल्ने।

१० ग. "आज्ञा भङ्ग गर्ने मेरो बालकसँग... "
घ. "आमा-बाबुको हैसियतले... "

३ आमा-बाबुले विचारै नगरी एउटा बालकलाई भन्दा अर्कोलाई बढ़ी प्रेम देखाउँदा घरमा गम्भीर समस्या खड़ा हुन्छ।

११ तपाईंका उत्तरहरू मेराजस्तै हुन सक्छन्।

क बालकको चौतर्फी विकासका निम्ति उसलाई थाहा हुनुपर्छ कि, उसका आमा-बाबुले सबै समयमा उसलाई प्रेम गर्छन्, ऊ अनाज्ञाकारी हुँदा पनि उसलाई प्रेम गरी नै रहन्छन्।

ख आफ्ना आमा-बाबुले उनलाई प्रेम गरेका कारणले नै सुधार गरेका हुन् भनी उनले थाहा पाउँदा एक बालिकाले आफूलाई प्रेम नगरिएको वा इन्कार गरिएको *हो* भनी विचार गर्नुहुँदैन, र परमेश्वरले जस्तो आमा-बाबुले पनि तिनलाई क्षमा दिन्छन्।

ग यदि उनीहरूले रीसमा नै दण्ड दिए भने आमा-बाबुले

बालकलाई भावनात्मक र शारीरिक रूपमा चोट पुऱ्याउन सक्छन्।

घ अनुशासन नपाई हुर्किएको बालक परमेश्वरको अधिकारसहित सबै अधिकारको विरोधमा खड़ा हुन सक्छ।

४ किनकि छोराछोरीलाई आमा-बाबुको प्रेम र हेरचाहाको अति नै आवश्यक छ।

१२ तिनीहरूले आफ्ना छोराहरूलाई सुधार गर्न सकेनन्।

५ तिनीहरूलाई विभिन्न किसिमका खानाहरू चाहिन्छ; दूध, फलफूल, सागसब्जी, सिमी, मासु, माछा र अण्डाहरू।

१३ येशू र शमूएल दुवै परमेश्वर र मानिससँगको अनुग्रहमा बढ़े।

६ कुनै किसिमको तालीम प्राप्त नगरी हुर्केकाहरूले आफ्नो जीविका चलाउनको निम्ति काम पाउन कठिन पर्छ।

१४ ग. क र ख दुवै।

७ जन्मबाटै

१५ प्रेम, विश्वासयोग्यता, क्षमा, प्रार्थना।